## पृष्ठभूमि



पर्यटन उद्योग अहिलेको विश्वमा एक प्रमुख उद्योगको रूपमा फस्टाइरहेको छ । पर्यटनको पछिल्लो अवस्थालाई हेर्ने हो भने मानिस घुम्नका लागि ठूला सहर भन्दा निर्जन जङ्गलका क्षेत्र, नदी, खोला, गुफा, झरना र हिमाली भूदृश्यको अवलोकन गर्नेको सङ्ख्या निकै बढेको छ । वन्यजन्तुको गतिविधि हेर्न, चराको चिरबिर आवाज सुन्न, चादीझैँ टल्कने हिमदृश्य वा मनमोहक भू-शृङ्खलाको अवलोकन गर्न घन्टौँ हिँड्ने प्रवृत्तिमा निकै वृद्धि भएको छ । यसका लागि मानिस लामो दूरी तय गरेर कतिपय अवस्थामा विदेशबाट समेत धेरै पैसा तिरेर आउने क्रम बढिरहेको छ । निश्चय पनि प्रकृतिप्रतिको यो लगाव प्रकृतिप्रेमी हामी सबैका लागि निकै उत्साहजनक सूचक हो । यसरी ठूलो सहर, आलिशान महलको साटो निर्जन स्थानको भ्रमण गर्न किन रूची जागेको होला अनि यस्तो अवस्थाको पर्यटनलाई के भनिन्छ होला ? यहाँ संक्षिप्त रूपमा यस्तै प्रकृतिको पर्यटन, जसलाई पर्यापर्यटन (Eco-Tourism) भनिन्छ, यसकै बारेमा छोटकरीमा छलफल गर्नेछौं । यसैगरी डडेल्धुरा जिल्लाको प्रमुख पर्यापर्यटकीय गन्तव्यको बारेमा छोटकरीमा जानकारी गराउनेछौं ।

## पर्यापर्यटन (Eco-Tourism) भनेको के हो ?

पर्यटनका धेरै विधामध्ये पर्यापर्यटन एक हो, जसले प्रकृतिमा आधारित पर्यटनमा जोड दिन्छ । पर्या र पर्यटन दुई शब्द मिलेर पर्यापर्यटन बनेको छ । जसमध्ये पर्याको अर्थ पर्यावरण अर्थात् वातावरण, जसले वनस्पति, वन्यजन्तु वा प्रकृतिसँगको घनिष्टता वा जैविक तत्वबीचको अस्तित्व र अन्तरसम्बन्धलाई बुझाउँछ । यसैगरी पर्यटनको अर्थ बसोबास गरिरहेको स्थान वा क्षेत्रभन्दा बाहिर स्वदेश वा विदेशमा कम्तीमा एक रातदेखि बढीमा एक वर्षसम्मको समय व्यतित गर्ने गरी रहनु भन्ने हो । पर्यटन शब्दले घुमफिर भन्ने अर्थ समेत राख्छ । यसरी पर्यापर्यटनले प्रकृतिमा आधारित रहेर गरिने पर्यटन भन्ने बुझिन्छ, जसले धुँवाधुलो निषेध गर्ने, त्यहाँको वन्यजन्तु, जैविक विविधताको प्रवर्द्धन गर्ने, प्राकृतिक स्रोतको दोहन एवं वनजङ्गल नोक्सानीलाई निरूत्साहित गर्ने र पत्रु खाना (जङ्क फुड) लाइ विस्थापित गर्दै स्थानीय परिकार एवं अर्गानिक खाद्यको प्रबर्द्धन गर्ने, जसले स्वास्थ्यको





अलवा स्थानीय जनताको जीविकोपार्जनमा सहयोग गर्ने समेत उद्देश्य राख्छ । पर्यापर्यटनले स्थानीय क्षेत्रको वातावरणलगायत अन्य कुरामा सुरक्षित पर्यटनमा जोड दिन्छ अथवा त्यहाँ जाऔं, तस्बिर लिऔं, पैतालाको डोब वा चिन्ह छोडौं । ती बाहेक 'केवल आँखाले मात्र अवलोकन गर' भन्ने सिद्धान्तमा विश्वास गर्दछ (Take only Photographs and leave only foot-print) र आजको परिवेशमा यस प्रकारको पर्यटनले विश्वव्यापी रूपमा प्रभाव छाडेको छ । पर्यापर्यटनले यात्रुलाई त्यहाँको जनजीवन, संस्कृति, धार्मिक आस्था, वातावरणप्रति उत्तरदायी गराउँदै, ती कुराप्रति सम्मान व्यक्त गर्दै त्यहाँको प्राकृतिक एवं सांस्कृतिक धरोहरको संरक्षणका लागि प्रोत्साहन गर्दछ । समग्रतामा भन्नुपर्दा प्राकृतिक एवं सांस्कृतिक वातावरणलाई बाधा नहुने गरी गरिने प्रकृतिमैत्री यात्रा नै पर्यापर्यटन हो ।

## सामुदायिक वनमा पर्यापर्यटन

सामुदायिक वनको तथ्यांक हेर्दा देशमा २२ हजारभन्दा बढी सामुदायिक वन रहेका छन् । एकातर्फ सरकारले वनमार्फत् समृद्धिसँग जोड्ने उद्देश्य राखेको छ । तर धेरै कारणले स्पष्ट रूपले अगाडि बढ्न नसकेको अवस्था छ भने अर्कोतर्फ सहरी जनसङ्ख्या बढ्दो अवस्थामा रहेको, मानिसमा क्रमशः हाइकिङ, ट्रेकिङ, जलविहार, पशुपंक्षी अवलोकन लगायतका काममा अभिरूचि बढिरहेको अवस्था छ । यिनै कुरालाई मध्यनजर गर्दै पर्यटकीय सम्भावना रहेका सामुदायिक वनमा वन पैदावारको उत्पादनसहित वातावरणीय सेवाको प्रवर्द्धन गरी अधिकतम लाभ प्राप्त गर्ने, समग्र वनको हैसियतमा सुधार गर्ने, वातावरण र जैविक विविधता संरक्षण र स्थानीय उपभोक्ताको मौलिक सामाजिक, सांस्कृतिक मूल्यमान्यतामा बढावा हुनेगरी वनविहार, जलबिहार, पार्क र उद्यान, प्राकृतिक दृश्य अवलोकन, वनभोज, तस्बिरयात्रा, सिनेमा वा भिडियो छायाङ्कन, सूचना तथा सन्देशमूलक गतिविधि, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा अवलोकन जस्ता संरक्षण, रोजगारी तथा आयआर्जन सिर्जना हुने क्रियाकलाप सञ्चालन गरी समृद्धिमा टेवा पुऱ्याउने कार्य गर्न इच्छुक समूहलाई सहयोग पुऱ्याउन सरकारले सामुदायिक वनमा पर्यापर्यटन सञ्चालन कार्यविधि, २०७५ जारी गरेको छ । यो कार्यविधिले पर्यापर्यटनको क्षेत्रमा केही काम गर्न चाहेको तर विविध कारणले गर्न नसकेको समूह, निजी क्षेत्र, सहकारी एवं संघ/संस्थालाई समेत उत्प्रेरित गरेको छ । देशभरि





सकारात्मक हो । यस्ता सामुदायिक वनले मनोरञ्जन प्रदान गर्ने मात्र होइन, रोजगारी, आयआर्जन र समृद्धिमा समेत सहयोग पुऱ्याएका छन् । डडेल्धुराका सामुदायिक वनले समेत यस्ता कुरामा ध्यान पुऱ्याउने र रोजगारीमा सहयोग गर्नेछन् भनेर हामीले अपेक्षा गरेका छौं । यसमा सामुदायिक वनमा निषेधित कार्य गर्न पाइनेछैन भने कार्ययोजना स्वीकृत गरेर केही सामान्य पूर्वाधार निर्माण गर्ने, बालउद्यान,ससाना चिडियाघर (मिनी जु), चमेनागृह, शौचालय आदि निर्माण गर्न सकिनेछ । यो कार्यविधिले समूहको सहजताका लागि सामुदायिक वनको अध्यक्ष वा तोकेको प्रतिनिधि संयोजक रहने गरी पाँच सदस्यीय एक व्यवस्थापन समितिको व्यवस्था गरेको छ, जसमा वन कार्यालय, वडा कार्यालय, उद्योग वाणिज्य संघका प्रतिनिधि सदस्य र समूहको सचिवलाई सदस्य सचिव रहने व्यवस्था गरेको छ ।

## डडेल्धुरामा के गर्न सकिन्छ ?

सुदूर पश्चिम प्रदेशको केन्द्रीय भूभागमा अवस्थिति डडेल्धुरा जिल्ला यस प्रदेशको ९ जिल्लामध्ये प्राकृतिक हिसाबले एक उत्कृष्ट र मनोरम गन्तव्य भएको जिल्ला हो । कूल भूभागको करिब ७५ प्रतिशत क्षेत्र वन जङ्गलले ओगटनु आफैंमा प्रकृतिको अद्भूत बरदान हो, जुन उपलब्धि अर्बौं रूपैयाँ खर्च गरेर पनि बनाउन सकिँदैन । पहाडी क्षेत्र र भित्री मधेस क्षेत्र रहेको



डडेल्धुरा जिल्ला प्राकृतिक सौन्दर्यको अलावा विभिन्न देवस्थल र धार्मिक स्थानले धनी रहेको छ । मुख्य पर्यटकीय गन्तव्यका रुपमा 'मिनी खप्तड' भनेर चिनिने गन्यापताल, २६७६ मिटरमा अवस्थित डडेल्धुराको सबैभन्दा उच्चो स्थान गन्यापधुरा (कम्पास), आलिताल, परशुराम मन्दिर, शैलेश शृङ्खला (जोगबुडा), घण्टेश्वर मन्दिर, भागेश्वर मन्दिर, गन्याप मन्दिर, घटाल मन्दिर, उग्रतारा भगवतीको मन्दिर, सहश्रलिङ मन्दिर, अमरगढी किल्ला, अजयमेरू कोट, असिग्राम मन्दिर, मष्टा मन्दिर, दुर्गा मन्दिर, जगन्नाथ मन्दिर, डागेश्वरी मन्दिर, शिखर (हनुमान मन्दिर), शान्तिपार्क, विभिन्न देवल, प्राचीन धर्मशाला, नाउला, विभिन्न छहरा (सायल, जोशिना) तथा हरित एवं शितल पदमार्ग हगुल्टे - काफली, चिर्कटे, निगलाडी, भागेश्वर करिडोर, घन्टेश्वर- गैरा, जर्मना - गन्याप, बडाल- गन्यापलगायत अन्य मनोरम सूर्योदय देखिने कस्याकोधुरा आदि रहेका छन् । हिउँ पर्ने समयमा हिउँसहितको मनोरम दृश्य जताततै देखिन्छ । यसका अलवा सदरमुकाम नजिक १ देखि ५ किमिभित्र अन्यन्त मनोरम र सुन्दर दर्जनौं पदमार्ग छन्, जुन प्रभातकालीन एवं सायकालीन यात्राका लागि अत्युत्तम छन् । जिल्लाको धेरै स्थानबाट अपि, सैपाल हिम श्रृङ्खला र विभिन्न श्रेणीबद्ध मनमोहक पर्वत श्रृङ्खला सहज अवलोकन गर्न सकिन्छ । यो क्षेत्रलाई कर्णाली नदीदेखि महाकाली नदीसम्मको सुदूर पश्चिमकै एक उत्कृष्ट पदमार्गको रूपमा विकास गर्न सकिन्छ । तर प्रचारको अभाव, हाइकिङ, ट्रेकिङ, दृश्यावलोकन प्रवर्द्धन अभियानको अभाव, स्वःस्फूर्त लाग्ने संघ/संस्थाको अभाव आदिले अद्भूत प्रकृतिले भरिपूर्ण यो जिल्ला त्यतिकै ओझेलमा परेको छ । यी कुराको सहज विकास गर्ने हो भने यसले पर्यपर्याटनको अतिरिक्त धार्मिक, सांस्कृतिक धनीको रूपमा रहेको सुदूरपश्चिम र डडेल्धुरालाई धार्मिक र कृषि पर्यटन क्षेत्रको रूपमा समेत विकास गर्न सकिन्छ ।

५३,०१४ हेक्टर क्षेत्रफल ओगटेको महाभारत क्षेत्र जैविक विविधता, पदयात्रको पर्याय हो । केही समय अगाडि त्यहाँ लिएको क्यामेरा ट्र्यापिङमा तराईमा मात्र पाइने पाटेबाघ २,५०० मिटरको उचाइमा पाइएको (नेपालमा अहिलेसम्मकै सबैभन्दा उच्च स्थानमा रेकर्ड गरिएको) र उच्च हिमाली क्षेत्रमा पाइने रेड फक्सलगायतका जनावर पनि रेकर्ड भएको र अन्य महत्वपूर्ण वनस्पतिको पनि







प्रचुर उपस्थिले यो क्षेत्र अध्ययनका लागि र सम्भावित संरक्षण क्षेत्रका लागि समेत अत्यन्त उपयुक्त छ । स्कुल, क्याम्पस भाइबहिनीलाई समेत यो विषयमा जानकारी नहुनाले दिनभरि सामाजिक सञ्जाल, मोबाइल, टेलिभिजनमा व्यस्त हुने तर मनोरम दृश्यमा रूची नहुने गम्भीर समस्या देखिएको छ, जसले शरीरका अतिरिक्त मानसिक समस्या निम्त्याउने समेत देखिन्छ ।

### वन कार्यालयको भूमिका

वन कार्यालय सुरूदेखि नै पर्यापर्यटनको प्रवर्द्धनमा निरन्तर लागिरहेको छ । आफ्ना सीमित बजेटबाट समूह, स्थानीय समुदायको सहयोगमा अत्युतम बजेटको सदुपयोग गर्ने, ती क्षेत्रको प्रचार-प्रसार गर्ने, युवा विद्यार्थी, नागरिक समाजका सदस्यलाई हाइकिङ (एक दिने पदयात्रा), ट्रेकिङ (बहुदिने पदयात्रा) का बारेमा जानकारी गराउने, युवासँग वनका कुरा, स्कुलका (८-१२) र कलेजका विद्यार्थीलाई केन्द्रित गरेर वातावरणीय शिक्षामा पुस्तिका प्रकाशन, ब्रोसर, तस्बिर प्रकाशन, रेडियो टिभीमा कार्यक्रम तयार गरी प्रचार गर्ने आदि छ । वन कार्यालयको टोली यो जिल्लाका विभिन्न पर्यटकीय स्थानको नियमित अवलोकन गर्ने, तिनको सामाजिक सञ्जालबाट र आफ्ना माध्यमबाट प्रचार गरी अभिप्रेरित गरिरहेको छ । आगामी आर्थिक वर्षमा मुख्य पर्यटकीय क्षेत्रमा पदमार्ग चिन्ह बनाउने, विश्राम गृह बनाउने, ती क्षेत्रमा अन्य पर्यकटकीय आकर्षणको केन्द्रको रूपमा विकास गर्ने कार्य आदि रहेका छन् । तर अत्यन्त तीतो यथार्थ के हो भने यी कुराको प्रवर्द्धन विशुद्ध रूपमा गर्ने भनेको यहाँका स्थानीय जनता नै हुन्, यी कुराको पर्याप्त प्रचार गरेर पर्यटकीय गन्तव्य बनाउने हो भने यहाँको रोजगारीमा, समृद्धिमा सहयोग पुग्नेछ । तसर्थ, हामी नागरिक समाज, पालिका, सञ्चारकर्मी, राजनीतिक दल, होटल व्यवसायी, पर्यटन व्यवसायी, प्रकृतिप्रेमी सबैलाई 'गन्तव्य डडेल्धुरा' बनाउने काममा अभियानको रूपमा नै लाग्न अनुरोध गर्दछौं ।



**उग्रतारा, घटाल, गन्याप, अमरगढी किला !**
**दिव्यस्थल, देवभूमि डडेल्धुरा जिल्ला !!**

# डडेल्धुरामा पर्यापर्यटन

## एक परिचय
















प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np